# वराहपोखरी गाउँपालिकाको हेभि इक्युपमेन्ट सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावना :** गाउँपालिकाले गर्ने विकास निर्माण कार्यमा सघाऊ पुऱ्याउने उद्देश्यले खरीद गरिएका तथा स्वामित्व प्राप्त भएका हेभि इक्युपमेन्टहरु व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापन गरी कार्य दक्षता अभिवृद्धि एवं मितव्यीता कायम गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम वराहपोखरी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "वराहपोखरी गाउँपालिकाको हेभि इक्युपमेन्ट सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति २०८२।०४।२९ देखि लागू हुनेछ ।

२. **परिभाषा :** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यविधि" भन्नाले वराहपोखरी गाउँपालिकाको हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापन कार्यविधि २०८२ सम्झनु पर्दछ ।

(ख) "गाउँसभा" भन्नाले वराहपोखरी गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

(ग) "हेभि इक्युपमेन्ट" भन्नाले ब्याक-हो लोडर अर्न्तगत पर्ने सम्पुर्ण साधन सम्झनु पर्दछ ।

(घ) "समिति" भन्नाले हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(ङ) "सचिव" भन्नाले दफा ४ बमोजिमको संचालन तथा व्यवस्थापन समितिको सदस्य सचिव सम्झनु पर्दछ ।

(च) "उपभोक्ता समिति" भन्नाले वराहपोखरी गाउँपालिका वा अन्तर्गतका वडाले गठन गरी योजना कार्यान्वयन गर्न तथा उपभोग गर्न गठित स्थानीय उपभोक्ता समिति सम्झनु पर्दछ ।

(छ) "संस्था" भन्नाले नेपाल सरकार तथा कोशी प्रदेश सरकारका कार्यालयहरु, निजी क्षेत्र, नगरपालिका, गाउँपालिका, गैर सरकारी संस्था, शिक्षण संस्था वा यस्तै कानूनी रुपमा दर्ता भई सञ्चालनमा रहेका अन्य संस्था सम्झनु पर्दछ ।

(ज) "कार्य दिन" भन्नाले आठ घण्टाको समय सम्झनु पर्दछ ।

३. **कार्यविधिको उद्देश्य :** (१) यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :

(क) हेभि इक्युपमेन्ट संचालनबाट वराहपोखरी गाउँपालिकाको पूर्वाधार निर्माण कार्यमा मद्दत पुऱ्याउने ।

(ख) हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापन कार्यमा पारदर्शिता ल्याउने ।

(ग) हेभि इक्युपमेन्ट अधिकतम प्रयोग गरि पूर्वाधार तथा अन्य विकासको गती बढाउने ।

(घ) हेभि इक्युपमेन्ट मर्मत सम्भारमा मितव्ययिता कायम गर्ने ।

(ङ) हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापनमा पारदर्शिता कायम गर्दै आर्थिक रुपले आत्मनिर्भरता कायम गर्ने ।

४. **हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधिको उद्देश्य प्राप्तिको लागि देहाय बमोजिमको हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापन समिति रहनेछः

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | : संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | : सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | : सदस्य |
| (घ) गाउँपालिकाका प्रवक्ता | : सदस्य |
| (ङ) पूर्वाधार विकास समितिका संयोजक | : सदस्य |
| (च) प्राविधिक शाखा प्रमुख वा निजले तोकेको प्राविधिक कर्मचारी | : सदस्य |
| (छ) राजस्व शाखा प्रमुख | : सदस्य |
| (ज) योजना शाखा प्रमुख | : सदस्य सचिव |

(२) समितिको बैठक संयोजकको आदेशानुसार सदस्य सचिवले बोलाउनेछ र कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ।

(३) समितिको बैठकमा संयोजकले आवश्यकता अनुसार अन्य व्यक्ति वा कर्मचारीलाई आमन्त्रित गर्न सक्नेछ ।

(४) गाउँ कार्यपालिकाको कार्यालयको योजना शाखाले समितिको सचिवालयको काम गर्नेछ ।

५. **हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार :** यस कार्यविधिको अधीनमा रही हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापनको लागि वार्षिक योजना तर्जुमा गरि स्वीकृतिको लागि गाउँ कार्यपालिकामा सिफारिश गर्ने ।

(ख) हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापनको लागि श्रोत तथा साधनको पहिचान तथा परिचालन गर्ने ।

(ग) हेभि इक्युपमेन्ट उपयोगको लागि माग भएका निवेदनहरु उपर कारवाही गरी यस कार्यविधिको अधीनमा रही प्राथमिकता निर्धारण गर्ने ।

(घ) प्राप्त निवेदनहरुमध्ये आवश्यकता र प्राथमिकताको आधारमा हेभि इक्पुमेन्टहरु उपयोगको कार्ययोजना बनाई स्वीकृत गर्ने ।

(ङ) हेभि इक्युपमेन्टका आवश्यक उपकरणहरु (पार्टसहरु) मौज्दातमा राख्ने व्यवस्था मिलाउने ।

(च) हेभि इक्युपमेन्ट चालु अवस्थामा राख्न आवश्यकता अनुसार नियमित मर्मत संभार तथा जाँचको व्यवस्था मिलाउने ।

(छ) आर्थिक दृष्टिकोणले हेभि इक्युपमेन्टको संचालन तथा व्यवस्थापनमा आत्मानिर्भरता पुर्याउने ।

(ज) हेभि इक्युपमेन्ट संचालन  वा उपयोग सम्बन्धी कामको अनुगमन तथा सुपरिबेक्षण गर्ने, गराउने र दुरुपयोग भएको देखिएमा त्यसलाई रोक्ने व्यवस्था मिलाउने ।

(झ) हेभि इक्युपमेन्ट संचालनमा संलग्न कर्मचारीको कार्य सन्तोषजनक नदेखिएमा कारवाहीको लागि सिफारिस गर्ने ।

(ञ) हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापन सम्बन्धी आइपर्ने अन्य नीति तथा कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने, गराउने ।

(ट) यस कार्यविधिमा तोकिएका अन्य कामकुरा गर्ने, गराउने ।

६. **हेभि इक्युपमेन्ट संचालन सम्बन्धी नीति तथा प्राथमिकता :** (१) हेभि इक्युपमेन्ट संचालन सम्बन्धी नीति देहाय बमोजिम हुनेछ :

(क) हेभि इक्युपमेन्टको उपयोग सामान्यतया वराहपोखरी गाउँपालिकाभित्र गरिने सडकहरुको निर्माण, मर्मत तथा संभार आदि कार्यहरुको लागि गरिनेछ तर, वडा कार्यालयहरुले माग गरेको खण्डमा दोश्रो प्राथमिकतामा उपलब्ध गराउन सकिनेछ ।

(ख) हेभि इक्युपमेन्ट सामान्यतया वडाको सिफारिसमा उपभोक्ता समिति, संस्था वा व्यक्तिलाई भाडामा उपलब्ध गराइनेछ ।

(२) हेभि इक्युपमेन्ट संचालन गर्दा देहायको योजनालाई प्राथमिकता दिइनेछ :

(क) वराहपोखरी गाउँपालिकाको श्रोत र साधनबाट संचालन गरिने योजनाहरु ।

(ख) अन्य संस्थाको श्रोत तथा साधनबाट वराहपोखरी गाउँपालिकाभित्र संचालन गरिने योजनाहरु ।

७. **हेभि इक्युपमेन्टको माग तथा संचालन सम्बन्धी व्यवस्था :** (१) हेभि इक्युपमेन्ट माग गर्ने उपभोक्ता समिति, निकाय वा संस्था वा व्यक्तिले देहायको विवरण संलग्न गरी अनुसूची-१ को ढाँचामा निवेदन पेश गर्नु पर्नेछ :

(क) सम्बन्धित उपभोक्ता समिति वा संस्थाको निर्णयको प्रतिलिपि ।

(ख) योजनाको सम्झौता पत्र तथा लागत अनुमानको प्रतिलिपि ।

(ग) काम हुने सम्बन्धित वडा कार्यालयको सिफारीस ।

(२) हेभि इक्युपमेन्ट सम्बन्धी निबेदन समितिबाट स्वीकृत भएपछि सोको जानकारी उपभोक्ता वा सम्बन्धित सरकारी निकाय वा संस्थालाई दिइनेछ । यसरी जानकारी प्राप्त गरेपछि उपभोक्ता समिति, निकाय वा संस्था वा व्यक्तिले सम्झौता गर्न आउनु पर्नेछ ।

(३) धरौटी राख्नुपर्ने व्यवस्था :

(क) गाउँपालिकाबाट रकम व्यहोरिने गरी सम्पादन हुने योजना वा गाउँपालिकामा तिनै तहका सरकारबाट व्यहोरिने गरी सम्पादन हुने योजनाका लागि गठित उपभोक्ता समितिले हेभि इक्युपमेन्टहरु भाडामा लिँदा धरौटी राख्नु पर्नेछैन ।

(ख) अन्य उपभोक्ता समिति, व्यक्ति वा संस्थाले भाडामा लैजान चाहेमा सम्झौता बराबरको रकम यस कार्यालयको धरौटी खातामा जम्मा गनुपर्ने वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत पेश गर्नु पर्नेछ ।

(ग) वजेट व्यवस्थापन नभएका सार्वजनिक स्थल, मठ मन्दिर, विद्यालय, खेल मैदान तथा सडक मर्मत सम्भार गर्नु परेमा वा प्राकृतिक विपद व्यवस्थापन गर्नु परेमा इन्धन सहितको आवश्यक व्यवस्था समितिको निर्णय तथा प्राविधिक लागत अनुमान बमाजिम गाउँपालिकाले निःशुल्क रुपमा हेभि इक्युपमेन्ट संचालन गर्न सक्नेछ ।

(४) हेभि इक्युपमेन्ट भाडामा लिँदा नगदको सट्टा सम्झौता अवधिको दोब्बर अवधिसम्मको बैंक जमानत (जस्तै सम्झौता अवधि १ महिना भए २ महिना बराबरको) वराहपोखरी गाउँपालिकाको नाममा पेश गर्नुपर्नेछ । बैंक जमानत पेश गर्दा भाडामा लिने अवधिको तोकिए बमोजिमको भाडा तथा तोकिए बमोजिमको धरौटी बापतको रकम  बराबरको बैंक जमानत मात्र मान्य हुनेछ । माथि जे सुकै लेखिएता पनि १५ (पन्ध्र) दिनसम्मको अवधिको लागि सिधै धरौटी बापतको रकम बैंक दाखिला गरी भौचर पेश गर्नु पर्नेछ ।

(५) कोष खातामा वा नगदै रकम जम्मा गरेपछि उपभोक्ता समितिका अध्यक्ष वा सम्बन्धित निकाय वा संस्थाका प्रमुखले अनुसूची-२ बमोजिम सम्झौता पत्रमा हस्ताक्षर गर्नु पर्नेछ । सम्झौता गरे पश्चात मात्र हेभि इक्युपमेन्ट लैजानु पर्नेछ ।

(६) हेभि इक्युपमेन्ट संचालन अवधिमा लाग्ने ईन्धन खर्च (हेभि इक्युपमेन्ट योजना स्थलमा पुर्याउने लैजाने समेत) सम्बन्धित उपभोक्ता समिति वा संस्थाले व्यवस्था गर्नु पर्नेछ ।

(७) हेभि इक्युपमेन्ट रहेको स्थानबाट योजना स्थलसम्म ढुवानी गरि लग्नु परेमा सो वापत लाग्ने ढुवानी खर्च सम्बन्धित उपभोक्ता समिति वा संस्थाले व्यहोन पर्नेछ ।

(८) हेभि इक्युपमेन्टको भाडा दर अनुसूची-४ बमोजिम कायम हुनेछ । यदि उपभोक्ता समिति वा अन्य संस्था वा निकायले हेभि इक्युपमेन्ट भाडामा लगेको अवस्थामा समितिको आपसी विवाद, स्थानीयको अवरोध जस्ता कारणले हेभि इक्युपमेन्ट संचालन हुन नसकी त्यत्तिकै बसेमा विवाद व्यवस्थापन गर्न २४ घण्टाको समयावधि उपलब्ध गराइनेछ । तर, २४ घण्टाभित्र पनि विवाद समाधान नभएमा अनुसूची-४ बमोजिका दरले निष्कृय भाडा लिइनेछ ।

(९) हेभि इक्युपमेन्ट संचालन भएको तोकिएको अवधिमा कार्यालय स्वयंले सर्भिसिङ्ग गर्नेछ । म्याद थप नगरिकन सम्झौता भन्दा बढी अवधिसम्म अपरेटरले हेभि इक्युपमेन्टहरु चलाएमा सोको जिम्मेवारी अपरेटरको हुनेछ । अटेर गरि सम्झौता विपरीत चलाएको अवधिको हकमा अपरेटरबाट असुल उपर गरी कारवाही समेत गर्न सकिनेछ ।

(१०) हेभि इक्युपमेन्ट अपरेटरको मासिक तलव तथा हेभि इक्युपमेन्ट गाउँपालिकाबाट संचालन गर्न पठाइए वापत अपरेटरलाई अनुसूची-४ बमोजिम गाउँपालिकाको कार्यालयले तलव भत्ता उपलब्ध गराउनु पर्नेछ ।

८. **हेभि इक्युपमेन्टको लगबुक राख्नु पर्ने :** हेभि इक्युपमेन्ट सञ्चालन गर्दा अनुसूची-३ को ढाँचामा लगबुक राख्नु हेभि इक्युपमेन्ट अपरेटरको कर्तव्य हुनेछ। उक्त लगबुक सम्बन्धित उपभोक्ता समितिका पदाधिकारी वा निकाय वा संस्थाका प्रमुख समेतले प्रमाणित गर्नु पर्नेछ।

९. **म्याद थप गर्न सक्ने :** (१) हेभि इक्युपमेन्ट भाडामा लिएका उपभोक्ता समितिले आफुले मागेको कार्य दिन भन्दा थप कार्य दिन आवश्यक भएमा सोको कारण तथा औचित्य सहित म्याद सकिनु भन्दा कम्तीमा तीन दिन अगावै म्याद थपको निवेदन दिनुपर्नेछ।

(२) म्याद थपको लागि प्राप्त निवेदनमा समितिले छलफल गरि माग उचित तथा मनासिव देखेमा आवश्यकतानुसार म्याद थप गर्न सक्नेछ।

१०. **हेभि इक्युपमेन्ट मर्मत सम्बन्धी व्यवस्था :** हेभि इक्युपमेन्ट बिग्रिएर मर्मत गर्नुपर्ने भएमा कुन-कुन कुराको मर्मत सम्भार गर्नुपर्ने हो वा फेरबदल गर्नुपर्ने हो सोको विवरण सम्बन्धित अपरेटरले समिति समक्ष निवेदन दिनुपर्नेछ। अपरेटरबाट निवेदन प्राप्त भएपछि सदस्य सचिवले सम्बन्धित अनुभवी विशेषज्ञ प्राविधिकबाट मर्मत संभारको लागत अनुमान तयार गर्न लगाई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ र प्रमुख प्रशासकीय अधिकृतले मर्मत तथा सम्भारको व्यवस्था मिलाउनु पर्नेछ।

११. **अन्य संस्था वा व्यक्तिलाई हेभि इक्युपमेन्ट भाडामा दिने सम्बन्धी व्यवस्था :** (१) अन्य संस्थाले आफनो कामको शिलशिलामा हेभि इक्युपमेन्ट भाडामा लिन चाहेमा अनुसूची-१ बमोजिमको ढाँचामा देहायको विवरण संलग्न गरि निवेदन पेश गर्नु पर्नेछ।

(क) प्रचलित कानुन बमोजिम दर्तावाला संस्था, कम्पनी वा फर्म भए सोको प्रमाण-पत्र।

(ख) हेभि इक्युपमेन्ट प्रयोग हुने योजना वा कार्यको स्पष्ट विवरण।

(ग) सरकारी योजना भए आयोजना वा ठेक्का स्वीकृत भएको पत्र तथा स्टीमेट र कार्यादेश।

(घ) व्यक्तिगत प्रयोजनको लागि भए नगरिकताको प्रमाण-पत्रको प्रतिलिपि सहित उद्धेश्य खुलेको निवेदन।

(२) हेभि इक्युपमेन्ट माग तथा संचालनसँग सम्बन्धी अन्य कुरा यस कार्यविधिको दफा ७, ८ र ९ बमोजिम हुनेछ।

(३) हेभि इक्युपमेन्ट रहेको स्थानबाट प्रस्थान गरेको मितिबाटै भाडा गणना हुनेछ।

१२. **हेभि इक्युपमेन्ट संचालनको सुपरिवेक्षण तथा अनुगमन :** (१) हेभि इक्युपमेन्ट प्रयोग भइरहेको कार्यको सुपरिवेक्षण तथा अनुगमन समितिको संयोजक वा निजले तोकेको सदस्य वा सदस्य सचिवले गर्नेछ।

(२) हेभि इक्युपमेन्ट सञ्चालनमा संलग्न कर्मचारीको रेखदेख र नियन्त्रण समितिले गर्नेछ।

१३. **रकम खर्च गर्न सकिने :** हेभि इक्युपमेन्ट संचालनबाट प्राप्त आम्दानी रकम यस कार्यविधि बमोजिम हेभि इक्युपमेन्ट संचालन, व्यवस्थापन, मर्मत सम्भार र हेभि इक्युपमेन्ट संचालन अपरेटर तथा हेल्परको तलब भत्ताका साथै विकास निर्माणका लागि खर्च गर्न सकिनेछ।

१४. **सम्पर्क शाखा :** योजना शाखाले हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापन सम्पर्क शाखाको रुपमा कार्य गर्नेछ।

१५. **अधिकार प्रत्यायोजन :** यस कार्यविधि बमोजिम समितिलाई भएको केहि अधिकार समितिले शर्त तोकी वा नतोकी समितिका सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

१६. **कार्यविधि संशोधन :** समितिको सिफारिसमा यस कार्यविधिलाई वराहपोखरी गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१७. **वीमा सम्बन्धी व्यवस्था :** हेभि इक्युपमेन्ट वीमा, तेश्रो पक्ष वीमा र हेभि इक्युपमेन्ट संलग्न अपरेटर र हेल्परको दुर्घटना वीमा गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ ।

१८. **अन्य व्यवस्था :** माथिका दफाहरुमा जे लेखिएता पनि हेभि इक्युपमेन्ट भाडामा लगाउँदा लिइने राजश्व, सञ्चालन तरिका वा भाडामा लगाउने व्यवस्था सम्बन्धी कुनै कुरा यस कार्यविधिबाट स्पष्ट नभएमा प्रचलित कानुन तथा अख्तियार प्राप्त सरकारी निकायहरुले अपनाइएका विधि तथा नियम अनुरुप पनि गर्न सकिनेछ ।

१९. **खारेजी तथा बचाउ :** (१) यो कार्यविधि जारी हुनु अघि हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापन सम्बन्धी भए गरेका काम कुराहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**शालिकराम बन्जारा**

**गाउँपालिका अध्यक्ष**

**मितिः** २०८२।०४।२९

अनुसूची-१

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित )

**हेभि इक्युपमेन्टहरु प्रयोग गर्ने सम्बन्धी निवेदनको ढाँचा**

मितिः ............................

**श्री सदस्य सचिव ज्यू,**

**हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापन समिति,**

**वराहपोखरी गाउँपालिकाको कार्यालय, बाघखोर भन्ज्याङ, खोटाङ ।**

**विषय** : ........................(इक्युपमेन्टको नाम) भाडामा उपलब्ध गराइदिने बारे ।

उपरोक्त विषयका सम्बन्धमा देहायको योजना, कामको लागी त्यस कार्यालयका हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम ...............................( इक्युपमेन्को नाम) भाडामा उपलब्ध गराई दिनहुन अनुरोध छ ।

१ उपभोक्ता समिति, संस्था/व्यक्तिको नामः

२ उपयोग गर्ने आयोजनाको नामः

३. योजनाको कुल लागत

३.१ लागत व्यहोर्ने श्रोत तथा रकम

४ आयोजना, काम सम्पादन हुने स्थानः

४.१ गाउँपालिकाको नामः

४.२ वडा नं.:

४.३ स्थानः

**निबेदक दस्तखतः**

**नाम, थरः**

**पदः**

**छाप : मितिः**

**संलग्न कागजातः**

क) उपभोक्ता समिति वा संस्थाको निर्णयको प्रतिलिपी ।

ख) योजनाको सम्झौता पत्र तथा लागत अनुमान वा कार्यदेशको प्रतिलिपी ।

ग) काम हुने सम्बन्धित स्थानीय तह, वडा कार्यालयको सिफारिस ।

अनुसूची-२

(दफा ७ को उपदफा (५) सँग सम्बन्धित)

## हेभि इक्युपमेन्ट संचालन सम्झौता पत्र

वराहपोखरी गाउँ कार्यपालिकाको कार्यालय (यस पछि पहिलो पक्ष भनिएको) र योजना, काम सम्पादन गर्ने ........................................................... उपभोक्ता समूह, व्यक्ति, संस्था (यस पछि दोश्रो पक्ष भनिएको) का बीच यस कार्यालयको ..................................( इक्युपमेन्टको नाम) देहायको सर्त तथा बन्देजको अधिनमा रही भाडामा संचालन गर्न/गराउन यो सम्झौता गरिएको छ ।

१. आयोजनाको विवरण

१.१ आयोजनाको नामः

१.२ आयोजनाको स्थल :

१.२.१ गाउँपालिकाको नामः

१.२.२ वडा नं. :

१.२.३ स्थानः

२. आयोजनाको कुल लागत :

२.१ लागत व्यहोर्ने श्रोत तथा रकम :

**जम्मा** : ........................................

३. हेभि इक्युपमेन्ट संचालन समितिबाट स्वीकृत भएको मिति :

४. हेभि इक्युपमेन्ट संचालन गर्ने विवरण :

४.१ हेभि इक्युपमेन्ट संचालन गर्ने कार्य दिन :

४.२ हेभि इक्युपमेन्ट संचालन गर्ने कार्य अवधि : मिति .....................देखि ................सम्म

५. हेभि इक्युपमेन्ट संचालनका लागि प्राप्त धरौटी रकम रु.

६. **सम्झौतापत्रका शर्तहरु** :

६.१ दोश्रो पक्षले यस सम्झौता पत्रमा तोकिएको आयोजनामा मात्र तोकिएको कार्य दिनको लागि हेभि इक्युपमेन्ट उपयोग गर्नु पर्नेछ ।

६.२ हेभि इक्युपमेन्ट र यसमा संलग्न अपरेटर र हेल्परको सुरक्षा र खाना बस्नको प्रबन्ध दोश्रो पक्षले गर्नु पर्नेछ ।

६.३ हेभि इक्युपमेन्ट संचालनको लागि आवश्यक ईन्धनको व्यवस्था सम्बन्धित दोश्रो पक्षले गर्नु पर्नेछ ।

६.४ गाउँपालिकाको कार्यालय वा हेभि इक्युपमेन्ट रहेको स्थानबाट योजना स्थलसम्म ढुवानी गरी लग्नु परेमा सो वापत लाग्ने ढुवानी खर्च दोश्रो पक्षले व्यहोर्नु पर्नेछ ।

६.५ हेभि इक्युपमेन्ट अपरेटरले संचालन गर्दा भरेको लगबुकमा दोश्रो पक्ष समेतले प्रमाणित गर्नुपर्नेछ ।

६.६ हेभि इक्युपमेन्ट संचलान वा उपयोग सम्बन्धी कार्यको अनुगमन तथा सुपरिवेक्षण समिति वा सदस्य सचिवले गराउन सक्नेछ ।

६.७ हेभि इक्युपमेन्ट संचालन दुरुपयोग भएमा वा कुनै विवाद सिर्जना भई संचालन गर्न सक्ने स्थिति नभएमा हेभि इक्युपमेन्ट संचालनमा संलग्न कर्मचारीको सुरक्षा बारे कुनै समस्या देखिएमा संचालन तथा

व्यवस्थापन समिति वा सदस्य सचिवले तत्काल हेभि इक्युपमेन्ट फिर्ता बोलाउन सक्नेछ । यस्तो अवस्थामा सम्बन्धित उपभोक्ता समिति वा संस्थाले समेत हेभि इक्युपमेन्ट फिर्ता गराउनु पर्नेछ ।

६.८ पहिलो र दोश्रो पक्षबीच विवाद भएमा पहिलो पक्षले जुनसुकै बेला हेभि इक्युपमेन्ट फिर्ता बोलाउन सक्नेछ ।

६.९ यान्त्रिक कारण वा भवितव्य परी काबु बाहिरको परिस्थितिमा हेभी मेशिनरी नचलेमा अपरेटर तथा सम्बन्धित उपभोक्ता समिति वा संस्था वा फर्मले प्रमाणित गरि तत्कालै कार्यालयमा जानकारी गराई प्रमाणित गरी राख्नुपर्नेछ ।

६.१० अन्य कुराको हकमा वराहपोखरी गाउँपालिकाको हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम हुनेछ ।

६.११ दोश्रो पक्षले ब्याक-हो लोडर भाडामा लगेको समयमा उनीहरु बीचको आपसी विवाद, स्थानीयको अवरोधका कारण हेभि इक्युपमेन्ट संचालन हुन नसकी त्यसै बसेमा २४ घण्टा विवाद व्यवस्थापनको समयावधि समाप्त भएपछि दोश्रो पक्षले अनुसूची-४ बमोजिम जरिवाना तिर्नु पर्नेछ ।

६.१२ हेभि इक्युपमेन्ट प्रयोग गरे वापत दोश्रो पक्षले पहिलो पक्षलाई अनुसूची-४ मा तोके बमोजिमको भाडा दरे वा जिल्लाले तोकको दर रेट अनुसारका दरले भाडा उपलब्ध गराउनु पर्नेछ । तर, इन्धनको व्यवस्था दोश्रो पक्ष स्वयंले गर्नुपर्नेछ । अन्यको हकमा नेपाल सरकारद्वारा जारी दररेट बमोजिम हुनेछ ।

६.१३ कामको प्रकृति र आवश्यकता हेरी कुनै आकस्मिक काम, प्राकृतिक प्रकोप तथा विपदको अवस्था परी पहिलो पक्षले हेभि इक्युपमेन्ट फिर्ता माग गरेमा दोश्रो पक्षले तत्काल फिर्ता पठाउनु पर्नेछ ।

उपरोक्त बमोजिम गर्न हामी निम्न पक्षहरु मंजुर गर्दछौं ।

| | |
|---|---|
| दोश्रो पक्षको तर्फबाट | पहिलो पक्षको तर्फबाट |
| दस्तखत: | दस्तखत |
| नाम: | नाम |
| पद: | पद |
| सम्पर्क नं.: | सम्पर्क नं. |
| मिति: | मिति: |
| छाप: | छाप |

साक्षी

१. २.

अनुसूची-३

(कार्यविधिको दफा ८ सँग सम्बन्धित)

वराहपोखरी गाउँपालिका, खोटाङ

## <u>हेभि इक्युपमेन्ट प्रयोग सम्बन्धी लगबुक</u>

उपभोक्ता समिति वा संस्थाको नाम :

आयोजना स्थल (गाउँपालिका वडा समेत) :

सम्झौता अवधि : मिति ........................देखि मिति ............................सम्म ।

| क्र.सं. | प्रयोग भएको मिति | समय | | | ईन्धन तथा अन्य लुव्रिकेन्टस खपत विवरण | | | | सम्झौता अवधिमा प्रयोग हुन नसकेको भए प्रयोग हुन नसक्नुको कारण | अपरेटरको दस्तखत | उ.भो.स. वा संस्थाको पदाधिकारीको दस्तखत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | जम्मा कार्य समय | डिजल | मोविल | ग्रिज | अन्य | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

पेश गर्ने :

प्रमाणित गर्ने :

अनुसूची-४

(कार्यविधिको दफा ७ को उपदफा (८) र (१०) सँग सम्बन्धित)

वराहपोखरी गाउँपालिका, खोटाङ

## हेभि इक्युपमेन्ट प्रयोग सम्बन्धी दररेट

तालिका नं. १

| सि.नं. | इक्युपमेन्टको नाम | इन्धन सहित प्रतिघण्टा दर | इन्धन बाहेक प्रतिघण्टा दर |
|---|---|---|---|
| १ | ब्याक-हो लोडर | ३,०००।०० | १,५००।०० |

नोटः-

१. सेवाग्राहीले हेभी इक्युपमेन्ट बन्दोबस्ती गरी बीचमा काम रोकिने अवस्था आएमा नचलेको दिनको प्रतिदिन आईडल खर्च वापत रु ३,०००।०० गाउँपालिकामा बुझाउनु पर्नेछ ।

२. विशेष परिस्थितिमा बाहेक हेभि इक्युपमेन्टको दररेट वार्षिक स्वीकृत गाउँपालिकाको दररेट, जिल्ला दररेट तथा हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापन समितिले तय गरे अनुसार हुनेछ भने अन्यको हकमा नेपाल सरकारद्वारा जारी दररेट बमोजिम हुनेछ ।

३. हेभि इक्युपमेन्ट अपरेटरको तलव भत्ता विवरण :

मासिक पारीश्रमिक : रु.१७,०००।००

प्रति घण्टा भत्ता दर : रु.२००।००